मेरो देश मेरै उत्पादन




# CIM

## Facts Newsletter


**Issue 21, Asar 2080**

Sahid Marg, Biratnagar-02
+977 21 515712
cim.biratnagar@gmail.com

## Dual VET-apprenticeship भनेको के हो?

"औद्योगिक प्रशिक्षार्थी तालिम भनेको तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालयहरु र उद्योग/व्यवसायद्वारा स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन गरिने तालिम प्रक्रिया हो । औद्योगिक प्रशिक्षार्थीहरुले प्रारम्भिक चरणमा तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालयहरुमा प्रशिक्षण लिन्छन् भने दोस्रो चरणमा उद्योग/व्यवसायमा कम्पनी प्रशिक्षकको प्रत्यक्ष निगरानीमा रही दैनिक उत्पादन प्रक्रियामा समेत सहभागिता जनाउँदै प्रशिक्षण लिन्छन् । यसरी शिक्षालयमा करिब ३.५ र उद्योग/व्यवसायमा करिब १९.५ महिना र पुनः तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालयहरुमा एक महिना ब्लक रिलिज गरी २४ महिना शिक्षालय र उद्योग/व्यवसाय दुवै ठाउँमा सिकाइ हुने भएकोले औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई Dual VET-apprenticeship पनि भनिन्छ ।

# औद्योगिक प्रशिक्षार्थी (Dual VET-APPRENTICESHIP) तालिम यात्रा



# हाम्रो भनाइ

आगामी आर्थिक वर्ष २०८०-८१ का लागि नेपाल सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोड बजेट ल्याएको छ। यस आबमा ६ प्रतिशतको आर्थिक वृद्धि र ६.५ प्रतिशतमा मुद्रास्फीति कायम रहने अपेक्षा लिइएको छ।

बजेटले कृषि, ऊर्जा, पर्यटन, लगानी प्रवर्धन, औद्योगिक विकास र व्यापार सन्तुलनजस्ता क्षेत्रलाई प्राथमिकता दिएको छ। आर्थिक विकासका लागि अपरिहार्य रहेका यी क्षेत्रलाई बजेटले गति दिएर अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राख्न सकिन्छ । तर बजेटमा उल्लेखित कार्यक्रमको कार्यान्वयन पक्षमा विगतमा देखिएका कमी-कमजोरीलाई सच्याउनु आवश्यक छ । देशको औद्योगिक विकासमा संकुचन आउनुका प्रमुख कारणमध्ये अस्थिर नीति पनि हो। प्रत्येक वर्ष परिवर्तन हुने नीतिले गर्दा औद्योगिक अस्थिरताको सिर्जना भएको छ । यसबाट आयात र परनिर्भरता बढ्दै गएको छ । यस्तो अवस्थामा बजेट स्वदेशी उद्योगको संरक्षण, आन्तरिक उत्पादनको अभिवृद्धि र परनिर्भरता हटाउने लक्ष्यमा केन्द्रित हुनुपर्ने थियो। तर आगामी आर्थिक वर्षको बजेटले उपरोक्त लक्ष्यलाई आंशिक रूपमा मात्र सम्बोधन गरेको पाइएको छ।

दिगो आर्थिक विकासका लागि अपरिहार्य रहेको स्थिर नीतिको अभाव यस बजेटमा पनि देखा परेको छ। यस वर्षको बजेटले फलामे डन्डी र घिउतेल उद्योगका हकमा गरेको नीतिगत परिवर्तनले उत्पादनमूलक उद्योगहरूमा अन्योल छाएको छ। सरकारले नीतिमा निरन्तर परिवर्तन गरिदिंदा अर्बौं रुपैयाँ लगानी गरेका उद्योगीहरू थप हतोत्साहित भई लगानीका क्षेत्र र प्राथमिकता अन्यत्र मोडिन सक्ने सम्भावना बढेको छ। तसर्थ निजी क्षेत्रको विश्वास र भरोसा जित्न सरकारले स्थिर र दिगो नीतिको आवश्यकतालाई बोध गरी सोही अनुरूपको कार्यलाई प्राथमिकता दिनु पर्दछ।

बजेटले निजी क्षेत्रको मनोबल उकास्ने केही सकारात्मक कार्यक्रम समावेश गरेको छ। तर सबल, सक्षम र दिगो औद्योगिक विकासको अपरिहार्यतालाई पूर्णतः स्मरण गर्न सकेको छैन । वर्तमान आर्थिक मन्दीका समयमा समेत देशको राजस्व, रोजगारी र आर्थिक विकासमा निजी क्षेत्रले निर्वाह गरेको अहम् भूमिका घामजत्तिकै छर्लङ्ग छ। तसर्थ यस क्षेत्रको मनोबललाई सशक्त र सुदृढ बनाउनु आजको अर्थतन्त्रको पहिलो शर्त हो । यसका लागि लगानीमैत्री वातावरण तयार गर्न सरकारले ठोस भूमिका निर्वाह गर्नुपर्दछ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०७९-८० को दश महिनाको तथ्याङ्कका आधारित




**१६.८ प्रतिशतले**
घटेको छ, (आयात)।



**२४.५ प्रतिशतले**
घटेको छ, (निर्यात)।




**७.४१ प्रतिशत,**
उपभोक्ता मूल्य सूंचकाङ्कमा मुद्रास्फीति (वार्षिक बिन्दुगत आधारमा)।



**रु.२१४ अर्ब ६७ करोड**
बचत, शोधनान्तर स्थिति।



**४११ अर्ब २१**
करोड सञ्चिति, कुल विदेशी विनिमय।



**७.३ प्रतिशत**
बढेको छ, बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन।



**३३ प्रतिशत**
बढेको छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा।



**११.४ प्रतिशत**
बढेको छ, वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर।

# आर्थिक वर्ष २०८०/८१ को वजेट




**आम्दानीको स्रोत**

- राजस्वः १२ खर्ब ४८ अर्ब ६२ करोड
- वैदेशिक अनुदानः ४९ अर्ब ९४ करोड ।
- वैदेशिक ऋणः २ खर्ब १२ अर्ब ७५ करोड ।
- आन्तरिक ऋणः २ खर्ब ४० अर्ब ।

## मन्त्रालय अन्तर्गत विनियोजित बजेट

- कृषि तथा पशुपन्छी विकास : ५८ अर्ब ९८ करोड
- वन तथा वातावरण : १५ अर्ब ५६ करोड
- भूमि, राजस्वव्यवस्था, सहकारी तथा गरिबी निवारण : ७ अर्ब २४ करोड
- उद्योग, वाणिज्य तथा आपूर्ति : ९ अर्ब ४६ करोड
- श्रम, रोजगार तथा सामाजिक : ८ अर्ब ९ करोड
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन : ११ अर्ब ९६ करोड
- शिक्षा, विज्ञान तथा प्रविधि : १ खर्ब ९७ अर्ब २९ करोड
- स्वास्थ्य तथा जनसंख्या : ८३ अर्ब ९९ करोड
- खानेपानी तथा सरसफाइ २८ अर्ब १६ करोड
- भौतिक पूर्वाधार तथा यातायात : १ खर्ब ३१ अर्ब ५९ करोड
- शहरी विकास : ६६ अर्ब १७ करोड

## बजेटबाट अपेक्षा

- ६ प्रतिशतको आर्थिक वृद्धि।
- मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित।



## बजेटका प्राथमिकता

- कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास।
- लगानी प्रवर्धन, औद्योगिक विकास र व्यापार सन्तुलन।
- सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा।
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण।
- डिजिटल र हरित अर्थतन्त्रको प्रवर्धन।
- वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन।
- मानव संसाधन विकास र रोजगारी सिर्जना।
- वित्तीय क्षेत्रको सुधार।
- वित्तीय संघीयताको सुदृढीकरण र सेवाप्रवाहमा सुधार।
- सार्वजनिक वित्तप्रणालीमा सुधार।



## बजेटको उद्देश्य

- अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने।
- गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने।
- लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने।
- आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने।
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने।
- संघीयताको सबलीकरण र सुशासन कायम गर्ने।
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने।




## वित्तीय क्षेत्रका कार्यक्रम

- डिजिटल अर्थतन्त्रका लागि डिजिटल बैंकको स्थापना।
- विद्युतीय भुक्तानी प्रणालीलाई विस्तार गरिने।
- लघुवित्त वित्तीय संस्थाहरूलाई ग्रामीण क्षेत्रमा परिचालन गरिने।
- नियामक निकायहरूको क्षमता विकास गर्ने।
- सहुलियतपूर्ण कर्जाका लागि ११ अर्ब ५९ करोड विनियोजन।
- बिमाको दाबी भुक्तानी प्रक्रियामा शीघ्रता दिईने।
- पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाइने।
- बैंक खाता खोली विप्रेषण पठाएमा कम्तीमा एक प्रतिशत थप ब्याज दिने सुविधालाई निरन्तरता।
- सरकारी स्वामित्वका बैंक तथा वित्तीय संस्थालाई पुनःसंरचना गरिने।



## सबल पक्षहरू

- स्वदेशी उद्योगको उत्पादन प्रवर्धन गर्न कुनै पनि सरकारी आयोजनाका लागि आवश्यक सिमेन्ट, फलामे छड, फलामे पाइप, जस्तापाता, विद्युतीय केबलजस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको पैठारीमा लाग्ने महसुल छुट दिने गरी सम्झौता नगरिने।
- स्वदेशी उद्योगले त्यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिबृद्धि कर र अन्तःशुल्क छुट गर्ने।
- लघु घरेलु तथा साना उद्योगले पैठारी गर्ने मिल-मेसिनेरीमा १ प्रतिशत भन्सार महसुल लाग्ने।
- भन्सारमा पेश गर्नुपर्ने सबै किसिमका कागजात विद्युतीय माध्यमबाट पेश गर्न सक्ने व्यवस्था।
- भ्याटमा दर्ता भई वार्षिक १ करोडसम्म कारोबार गर्ने करदाताले हरेक महिनाको सट्टा अबदेखि चार-चार महिनामा विवरण पेश गर्ने व्यवस्था।
- साना किसान, घरेलु तथा साना उद्यमी र स्टार्टअप व्यवसायीहरूलाई सहज वित्तीय पहुँच पुर्‍याउने।
- निर्यात सम्भावना भएका वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गरी निर्यात प्रवर्धन गर्ने।
- व्यापार पूर्वाधारको विकास र स्तरोन्नति गरी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्ने।
- अन्तर्राष्ट्रिय व्यापार तथा पारवहनसम्बद्ध द्विपक्षीय, बहुपक्षीय संयन्त्रहरूलाई सक्रिय र प्रभावकारी बनाउने।
- बिराटनगरको एकीकृत जाँच चौकीमा गोदाम घर तथा पार्किङ स्थल निर्माण गर्ने।
- निर्यात प्रवर्धनका लागि नयाँ गन्तव्य पहिचान गरिने।
- निर्यात व्यापारको प्रोत्साहन गर्न देशगत र वस्तुगत रणनीति तर्जुमा गरिने।
- वस्तुको निर्यातमा प्रदान गरिँदै आएको नगद अनुदान तीन- तीन महिनामा भुक्तानी गरिने।
- परम्परागत रूपमा सञ्चालित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मेसिनरी प्रतिस्थापन, प्रविधिमा सुधार तथा पूर्वाधार निर्माणका लागि सहुलियतपूर्ण कर्जा प्रदान गरिने।
- स्वदेशी सिमेन्टको आन्तरिक खपत बढाउन पक्की सडक निर्माण गर्दा निश्चित मापदण्डका आधारमा ढलान गर्ने प्रविधिको प्रयोग।
- चौथौ पुस्ताको औद्योगिकीकरण अवधारणा र आन्तरिकीकरणका लागि प्रविधिमा सहयोग, सचेतना र तालिमका कार्यक्रम सञ्चालन प्रोत्साहन तथा सहजीकरण।
- बौद्धिक सम्पत्तिको संरक्षण र विकास गर्न बौद्धिक सम्पत्ति कानुनको तर्जुमा गरिने।

## कृषितर्फ

- उत्पादनमा आधारित कृषि अनुदान।
- करार खेतीका कानुनी आधार तयार गरिने।
- परम्परागत, प्राकृतिक तथा पोषणयुक्त रैथाने बालीको बिउ संरक्षण गरी खेतीविस्तार गर्ने।
- रैथाने उत्पादनको ब्रान्डिङ गरी उत्पादन र बजारीकरणमा सहयोग गरिने।
- स्वदेशमा रासायनिक मल कारखाना स्थापना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सार्वजनिक-निजी साझेदारीमा लगानी बोर्डमार्फत् काम बढाइने।
- कृषि एवम् पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय तहसंगको सहकार्यमा युवा स्टार्टअप अनुदान कार्यक्रम सञ्चालन गर्ने।

## उद्योगका लागि गरिएको व्यवस्था

- नयाँ कम्पनी दर्ता र कम्पनीको पुँजी वृद्धि गर्दा अबदेखि कुनै पनि शुल्क दस्तुर नलाग्ने व्यवस्था।
- न्यूनतम एक सय रुपैयाँ पुँजी घोषणा गरेर कम्पनी खोल्न सक्ने।
- विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षित गर्न जग्गाको बहाल कर पुनरावलोकन गर्ने।
- उत्पादनको न्यूनतम ३० प्रतिशत निकासी गर्ने उद्योगले विशेष आर्थिक क्षेत्रमा उद्योग सञ्चालन गर्न पाउने र यस्ता उद्योगलाई निकासीको परिमाणका आधारमा कर-सहुलियत प्रदान गरिने।
- उद्योग दर्ता, लगानी स्वीकृतिलगायतका सेवालाई एकल विन्दु सेवा केन्द्रबाट विद्युतीय प्रणालीमार्फत् प्रदान गर्ने व्यवस्था।
- उत्पादनमूलक उद्योग र निर्यातजन्य उद्योगको स्थापनाका लागि आवश्यक पर्ने जग्गाको सहज उपलब्धताका लागि लिज र हदबन्दीसम्बन्धी कानुनी व्यवस्थामा पुनरावलोकन।
- लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्टल तयार।
- प्रत्यक्ष बिदेशी लगानी स्वीकृतिको प्रक्रियालाई सरल र स्वचालित बनाइने।
- पूर्वाधार आयोजनामा निजी पुंजी परिचालन गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताको सहभागितामा पूर्वाधार फन्ड स्थापनाका लागि कानुनी व्यवस्था तयार।
- लगानीको वातावरण सुधार गर्न मुलुकको क्रेडिट रेटिङ गर्ने प्रक्रिया अगाडि बढाइने।
- सबै स्थानीय तहमा राष्ट्रिय उत्पादन र रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिने।
- खर्च गर्ने क्षमतामा वृद्धि गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ।
- आयोजना कार्यान्वयनका लागि कात्तिक महिनाभित्र ठेक्का प्रक्रिया अगाडि नबढे विनियोजित रकम रोक्का गर्न सकिने।



# आ.व. २०८०/८१ को बजेटले फलामे डन्डी र घिउतेल उद्योगमा गरेको परिवर्तन



## फलामे डन्डी

- मेल्टिङ युनिट भएका फलामे उद्योगको संख्या २१
- बिलेटमा आधारित उद्योगको संख्या ५

## विलेट युनिट

- फलामे डन्डीको किलोमा १ रुपैयाँ अन्तःशुल्क बढाइएको छ।
- बिलेट युनिटले कच्चा पदार्थ बिलेट आयात गर्दा प्रति किलो २ रुपैयाँ ५० पैसा अन्तःशुल्क तिरिसकेको हुन्छ।
- त्यसैले यस युनिटले तयारी वस्तु टीएमटी बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कको रकम प्रतिकिलो १ रुपैयाँ समायोजन गर्न पाउँछ।
- यसरी यस युनिटले तिर्नुपर्ने अन्तःशुल्कको खास रकम प्रति किलो १ रुपैयाँ ५० पैसा हुन आउछ।
- यस प्रकार बिलेट युनिटले नयाँ बजेटबाट प्रतिकिलो १ रुपैयाँ सुविधा पाएको छ।

## मेल्टिङ युनिट

- नेपालका मेल्टिङ युनिटले बिलेट उत्पादन गर्दा भारतको मेल्टिङ युनिटको भन्दा १५ प्रतिशत महँगो पर्न जान्छ।
- त्यसैले बिलेट युनिटले नेपालको मेल्टिङ युनिटसित बिलेट खरिद गर्नुभन्दा भारतबाट आयात गर्नु सस्तो हुन्छ।
- नयाँ बजेटले अन्तःशुल्कको रकम पनि १ रुपैयाँ घटाइदिएपछि मेल्टिङ युनिटले बिलेट युनिटसँग प्रतिस्पर्धा गर्न गाह्रो हुन्छ।

## घिउतेल उद्योगमा बजेटले परेको प्रभाव

सञ्चालित उद्योगको संख्या २६
लगानी (स्थिर र चालु) करिब १०० अर्ब
रोजगार करिब १५,००० (प्रत्यक्ष/अप्रत्यक्ष)

## पछिल्लो चार आर्थिक वर्षमा घिउतेलनिकासीबाट प्राप्त कुल रकम

| | |
|---|---|
| आ.व. २०७६/०७७ | रु. ३१.१३ अर्ब |
| आ.व. २०७७/०७८ | रु. ५५.९० अर्ब |
| आ.व. २०७८/०७९ | रु. ९३.६९ अर्ब |
| आ.व. २०७९/०८० (वैशाखसम्म) | रु. ३१.१३ अर्ब |






## पछिल्लो चार वर्षमा नेपालको कुल निर्यातमा बनस्पति घिउतेल उद्योगको योगदान

| | |
|---|---|
| आ.व. २०७६/०७७ | ३१.८६ प्रतिशत |
| आ.व. २०७७/०७८ | ३९.६१ प्रतिशत |
| आ.व. २०७८/०७९ | ४६.८४ प्रतिशत |
| आ.व. २०७९/०८० (वैशाखसम्म) | २०.८३ प्रतिशत |

## कच्चा पदार्थमा गत र यस आर्थिक वर्षमा लगाइएको महसुल

| सि.नं. | वस्तु | २०७९/८० मा कायम भन्सार महसुल | २०७९/८० संशोधन मिति २०७९/०५/२३ | २०८०/८१ मा कायम भएको भन्सार महसुल |
|---|---|---|---|---|
| १ | कच्चा सोयाबिन तेल | १०% | १% | १०% |
| २ | कच्चा सनफ्लावर तेल | १०% | १% | १०% |
| ३ | कच्चा पाम र पामोलिन | १०% | १% | १०% |
| ४ | तोरीको दाना (Rapseed/Canola) | १% | १% | ५% |
| ५ | तोरीको दाना (Mustard) | १% | १% | ५% |

भन्सार महसुल १० प्रतिशत
मूल्य अभिवृद्धि कर १३ प्रतिशत

- यसप्रकार कुल २३ प्रतिशत करले स्वदेशी उत्पादनको लागतमा वृद्धि भएको छ । जसले गर्दा भारतबाट अनधिकृत रूपमा तेल भित्रिएर स्वदेशी उद्योगलाई प्रतिकूल प्रभाव परिरहेको छ र उद्योगहरू बन्द हुने स्थितिमा छन् ।



# निष्कर्ष

१. आर्थिक बर्ष २०८०/८१ को बजेटमा सरकारको फजुल खर्च कटौती गर्ने, पूँजीगत खर्चलाई बढाउन कार्यप्रणालीमा सुधार गर्ने, केही स्वदेशी उत्पादनहरुको प्रवर्द्धनका लागी सहयोग पुऱ्याउने, स्टाॅटअप उद्योगलाई सहयोग पुऱ्याउने, उद्योग दर्ता, नविकरण, बातावरणीय परिक्षण, स्वदेशी बस्तुको उपयोग जस्ता बिषयमा भएका व्यवस्थाहरु स्वागतयोग्य र उत्साहजनक छन।

२. दीगो आर्थिक एवं औद्योगिक बिकासका लागि नीजि क्षेत्रले अपेक्षा गर्ने नीतिगत स्पष्टता र नीतिगत निरन्तरताको भने, यो बजेटले सम्बोधन गर्न सकेको छैन। उच्च लगानीको जोखिम मोलेर लगानी गर्ने नीजि क्षेत्रले, बर्षैपिच्छे हुने नीतिगत परिबर्तनका कारण भएको लगानी जोखिम पर्ने मात्र नभई, नया लगानीलाई पनि प्रोत्साहन गर्दैन। जस्तै, घिउ तेल उद्योगको कच्चा पदार्थमा १ प्रतिशतबाट १० प्रतिशतको भन्सार महशुल बृद्धिले यस क्षेत्रमा भएको ठूलो लगानी जोखिममा परेको छ। छिमेकी मुलुक भारतमा शुन्य प्रतिशतमा यस्तो कच्चा पदार्थ आयात भइरहेको छ। खुला सिमानाले गर्दा चोरी पैठारीलाई समेत बढने भएकाले, यो सच्याउनु पर्दछ।

३. कमजोर पूर्वाधारका कारण अत्याधिक लजिष्टिक खर्चले गर्दा नीजि क्षेत्रको उत्पादन लागत बढन गई प्रतिष्पर्धि क्षमतामा ह्रास आईरहेको छ। यस क्षेत्रमा औद्योगिक पूर्वाधारहरु जस्तै अमडुबामा बिषेश औद्योगिक क्षेत्र, बिराटनगरमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी केन्द, बिराटनगर बिमानस्थललाई क्षेत्रिय स्तरको रुपमा स्तरोन्नती, रिङ रोड, रानी-किमाथांका सडक जस्ता पूर्वाधारहरुको बिकासलाई यस बर्षको बजेटले सम्बोधन गर्न सकेको छैन त्यस्ता औद्यौगिक पूर्वाधारहरुको निर्माणमा यथेष्ट बजेट बिनियोजन गरी निर्माण कार्य अगाढी बढाउनु पर्दछ।



# आर्थिक वर्ष २०८०।८१ को मौद्रिक नीतिमा संगठनको सुझाव

**१. चालु पुँजी कर्जाको सीमानिर्धारणका सम्बन्धमा**

नेपालका प्रायः उद्योगहरू आयातित कच्चा पदार्थमा आधारित छन् । कच्चा पदार्थको आयातका लागि प्रतीतपत्र खोल्नेदेखि कच्चा पदार्थ उद्योगमा आउने समय, वस्तुको उत्पादन, भण्डारण, बिक्री र बजारबाट पैसा आउने क्रममा औसतमा ६ महिनाभन्दा बढी समय चालु पुँजी होल्ड हुन्छ । तलको तालिकामा केही उद्योगहरूको उत्पादनचक्र देखाइएको छ । संगठनका सदस्य उद्योगहरूमा गरिएको नमुना सर्वेक्षणमा प्रायः सबै प्रकारका उद्योगहरूको एक उत्पादनचक्र १८० दिनभन्दा बढी रहेको पाइएको छ। चालु पुँजी कर्जाको यो मापदण्ड लागु भएपछि पछिल्लो अवस्था हेर्ने हो भने प्रायः सबै उद्योगहरूको उत्पादनमा ४० प्रतिशतभन्दा बढीले ह्रास आएको छ। तसर्थ, मौद्रिक नीतिमार्फत् चालु पुँजी कर्जा निर्देशिकालाई निम्नअनुसार संशोधन गरिनुपर्दछः

**क)** उत्पादनमूलक उद्योगहरूले मुस्किलले वर्षको २ वटा उत्पादनचक्र पूरा गर्दछन् । तसर्थ चालु पुँजी कर्जाको २५ प्रतिशतको सीमालाई कम्तीमा ६० प्रतिशत पुऱ्याई उत्पादनमूलक उद्योगको सञ्चालनमा सहजीकरण गरिनु पर्दछ। विस्तृतका लागि हेर्नुहोस् तालिका १।

**ख)** बार्षिक कारोबारको गणना गर्दा अघिल्ला ४ आर्थिक बर्षको कारोबारको अध्ययन गरिनुपर्दछ। अनि जुन आर्थिक वर्षमा सबैभन्दा बढी कारोबार भएको छ सोही बर्षलाई आधार मानेर गणना गर्ने व्यवस्था गरिनु पर्दछ । किनकि एक बर्षको मात्रै कारोबारलाई आधार मान्दा चालु पुँजीको यथार्थ आंकलन हुन सक्तैन । उदाहरणका लागि यस आर्थिक बर्षमा भएको मन्दीका कारण प्रायः उद्योगहरूको कारोबारमा ५० प्रतिशतले ह्रास आएको छ।

**ग)** स्थायी प्रकृतिको चालु पुँजी कर्जाको भुक्तानीको अवधि १५ वर्ष कायम गरिनु पर्दछ । साथै यस्तो कर्जा आवश्यकताको अनुमान Projection Variances २५ प्रतिशत रहेकोमा ५० प्रतिशत कायम गरिनु पर्दछ।


**घ)** चालु पुँजी कर्जाको ब्म जयअ ीष्प्त निर्धारणको कार्य बर्षमा १ पटक र सम्बन्धित बैंकको बोर्ड बैठकबाट मात्रै हुने प्रावधान छ। यसलाई सम्बन्धित बैंकबाट नै हुने प्रावधानको निर्माण गरिनु पर्दछ।

**ङ)** उत्पादनमूलक उद्योग र व्यापारका लागि चालु पुँजी कर्जाको मापदण्ड फरक हुनु पर्दछ ।



| तालिका १ : उत्पादनमूलक उद्योगमा चालु पूँजी कर्जा आवश्यकता र होल्ड हुने अवधिको उदाहरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उद्योगको क्षेत्र | कच्चा पदार्थ आयातका लागि टिआर बुक गरेपछि उद्योगमा आइपुग्ने अवधि | कच्चा पदार्थ भण्डारणको अवधि | कच्चा पदार्थबाट तयारी वस्तु उत्पादन गर्ने अवधि | तयारी प्याकेजिङ भण्डारण अवधि | उत्पादित वस्तु बजारमा बिक्री भई उधारो उठ्ने अवधि (सामान्य अवस्थामा) | जम्मा दिन | वार्षिक रूपमा उत्पादन तथा बिक्रीचक्र पूरा हुने अवधि प्रतिशतमा |
| १. प्लास्टिक तथा प्याकेजिङ उद्योग | ४५ दिन | ३० दिन | १० दिन | १० दिन | ९० दिन | १८५ दिन | ५०.६८ प्रतिशत |
| २. वायर एन्ड स्टिल उद्योग | ४५ दिन | ३० दिन | १० दिन | १० दिन | ९० दिन | १८५ दिन | ५०.६८ प्रतिशत |
| | ९० दिन | ३० दिन | १० दिन | १० दिन | ९० दिन | २३० दिन | ६३.०१ प्रतिशत |
| ३. खाद्यान्न उद्योग | १० दिन | १०० दिन | ७ दिन | ७ दिन | ६० दिन | १८४ दिन | ५०.४१ प्रतिशत |
| ४. घिउतेल उद्योग | ५० दिन | १५ दिन | १५ दिन | १० दिन | ९० दिन | १८० दिन | ४९.३१ प्रतिशत |
| ५. जुट उद्योग | ३० दिन | ३० दिन | १५ दिन | १५ दिन | ३० दिन | १२० दिन | ३१.५ प्रतिशत |
| ६. जुत्ताचप्पल उद्योग | ४० दिन | ४० दिन | ५ दिन | १५ दिन | ६० दिन | १६० दिन | ४३.८३ प्रतिशत |
| ७. प्लास्टिक फर्निचर तथा हाउसवेयर उद्योग | ४५ दिन | ३५ दिन | १० दिन | ३० दिन | ९० दिन | २१० दिन | ५७.५३ प्रतिशत |

## Working Capital Cycle for Manufacturing Industries




This flow chart is prepared in discussion with industries of different sector i.e. Iron & Steel, Food, Plastics, shoes etc.

## २. शून्य बक्यौता कायम गर्ने प्रावधानका सम्बन्धमा

नवीकरण हुने प्रकृतिका सम्पूर्ण चालु कर्जाका खाता आर्थिक वर्षको कुनै एक समयमा उद्योग-व्यवसायको प्रकृतिअनुसार कम्तीमा लगातार ७ दिन शून्य बक्यौतामा कायम भएको हुनुपर्ने व्यवस्था अव्यावहारिक छ। यस्तो प्रावधान कुनै पनि उद्योग वा व्यवसायमा लागु हुनै नसक्ने भएकाले यो प्रावधान खारेज गरिनु पर्दछ।

## ३. कर्जासम्बन्धी कागजातहरूमा एकरूपता तथा वित्तीय मापदण्डहरूको सरलीकरणका सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरूमा कर्जाको सम्झौता गर्दा कर्जाको प्रकृति र बैंक अनुसार फरक-फरक कागजात प्रयोग गर्ने गरिएको छ। उद्योग-व्यवसायहरू प्रा.लि., पब्लिक लिमिटेड., साझेदारी, प्रोप्राइटरसिप र अन्य गरी विभिन्न प्रकारका हुन्छन्। तर सबै प्रकारका उद्योगलाई एकै प्रकृतिको ऋणप्रवाह गरिन्छ। साथै एकै प्रकृतिको ऋणमा पनि फरक-फरक बैंक तथा वित्तीय संस्थाले फरक-फरक प्रावधान निर्धारण गरी कर्जाका कागजातहरू बनाउने र सहीछाप गराउने गरेका छन्। उस्तै प्रकृतिका उद्योगलाई प्रवाह गर्ने कर्जाको बैंकपिच्छे फरक-फरक कागजात हुँदा जटिलता उत्पन्न भएको छ। त्यसैले समान प्रकृतिको कर्जाका लागि समान कागजातको Standard format बनाई सबै बैंक तथा वित्तीय संस्थालाई लागु गर्न स्पष्ट निर्देशन गरिनु पर्दछ।

## ४. ऋणीको आर्थिक दायित्वमा संरचनात्मक सुधार (Limited Liability)

हाल प्राइभेट लिमिटेड कम्पनीले कर्जा लिंदा कम्पनीका सबै सेयर होल्डरहरूले कर्जाको शत प्रतिशत दायित्ववहन गर्नुपर्ने व्यवस्था छ। यसले लगानीलाई निरूत्साहित गरिरहेको छ। जबकि प्राइभेट लिमिटेड कम्पनीको सर्वमान्य सिद्धान्त भनेको यस्ता कम्पनीहरूमा विशुद्ध निजी लगानी हुन्छ। साथै लगानीकर्ताहरूको आफ्नो-आफ्नो लगानीको दायित्व मात्रै सम्बन्धित लगानीकर्तामा रहन्छ। (a private company whose owners are legally responsible for its debts only to the extent of the amount of capital they invested) यस परिभाषाअनुसार प्रत्येक सेयर होल्डरलाई उसको लगानीबराबरको मात्रै दायित्वको भागीदार हुने व्यवस्था गरिनु पर्दछ।

## ५. Personal Guarantee का सम्बन्धमा

कम्पनीले कर्जा लिनुपर्दा कर्जाको रकमभन्दा धेरै मूल्यको धितो राखेको हुन्छ। तर बैंक तथा वित्तीय संस्थाले लगानीकर्ताहरू र तिनका परिवारका सबै सदस्यहरूको समेत Personal Guarantee लिइरहेका छन्। यस प्रावधानले लगानीकर्ताहरूमा त्रासको वातावरण सिर्जना भएको छ र अन्ततः यसले उत्पादनमूलक क्षेत्रको लगानीलाई निरूत्साहित बनाइरहेको छ।

हामी एकातिर उद्योग तथा उद्यमशीलताको विकासका लागि युवाहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह गर्दैछौं। अर्कातिर भोलि त्यही युवा अलि सक्षम भएर कर्जा लिनु पर्दा उसका परिवारका सबै सदस्यहरूको ग्यारेन्टी खोज्नु लगानीलाई निरूत्साहित गर्नुबाहेक अरू केही हुन सक्दैन। त्यसकारण यस्तो प्रावधान अविलम्ब हटाई त्रास **for Payment** र भयमुक्त वातावरणको सृजना गरेर लगानी आकर्षित गर्नुपर्दछ।

## ६. Good for Payment को भुक्तानीका सम्बन्धमा

व्यवसायीहरूले कारोबार गर्दा Good for Payment का माध्यमबाट पनि भुक्तानी गरेका हुन्छन्। तर बैंक तथा वित्तीय संस्थाहरूले भुक्तानी गर्ने पार्टीको खाताको रकम रोक्का गरेको मितिदेखि भुक्तानी प्राप्त गर्ने पार्टीलाई भुक्तानी गरेको मितिसम्मको ब्याज लिंदै आएका छन्। यस्तो Non Funding रकमको ब्याज तिर्न र तिराउन बाध्य बनाउनु व्यावहारिक छैन। तसर्थ रकम रोक्का गरेदेखि भुक्तानी नहुँदासम्मको ब्याजको गणना नगरी भुक्तानी भएका मितिबाट मात्रै गणना गर्ने प्रावधान राखिनु पर्दछ।

## ७. भारतबाट आयात गर्दा हुने भुक्तानीको प्रक्रियाका सम्बन्धमा

व्यवसायीले बैंक तथा वित्तीय संस्थामार्फत् L/C खोली भारतबाट आयात गरेको औद्योगिक कच्चा पदार्थ वा अन्य मालवस्तु भन्सारमा आइपुग्ने समय र कागजात आइपुग्ने समयका बिचको अवधिमा समेत बैंक तथा वित्तीय संस्थाले ब्याज लिइरहेका छन्। भन्सारमा इमेलमार्फत् प्राप्त कपी डकुमेन्टका आधारमा माल छुटाइन्छ र सोही दिन नै बैंकले उक्त कपी डकुमेन्टका आधारमा ऋण बुक गरिदिन्छ । तर बैंकले उक्त रकम निकासीकर्तालाई सक्कल कागजातसहित माँग भई आएपछि मात्रै भुक्तानी गर्दछ। यसप्रकार ऋण बुक गरिएको र निकासीकर्तालाई भुक्तानी गर्ने बिचको अवधिको ब्याज बैंकले आयातकर्तासँग लिइरहेको छ। यसरी पार्टीलाई भुक्तानी नै नपठाई आयातकर्ताको ऋणको बुक गरिनु र ब्याजको हिसाब गरिनु हुँदैन।

## ८. ऋणको नवीकरण तथा सेवा शुल्कका सम्बन्धमा

ऋण-नवीकरण, Document Processing, एल.सी. जारीलगायत अन्य प्रकारका सेवा उपभोक्तालाई प्रदान गर्दा बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकको निर्देशनलाई समेत बेवास्ता गरी फरक-फरक शुल्क लिने गरेका छन्। यसबाट साना-ठुला सबै प्रकृतिका उपभोक्ताहरू मारमा परिरहेका छन्। त्यसैले सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न शीर्षकमा लिने सेवाशुल्कमा एकरूपता कायम गर्न नेपाल राष्ट्र बैंकबाट निर्देशन भई कडाइका साथ कार्यान्वयनमा ल्याउनु पर्दछ।

## ९. Paperless बैंकिङ कारोबारका सम्बन्धमा

आजको २१औं शताब्दीको डिजिटल प्रविधिका युगमा समेत हाम्रो बैंकिङ कारोबारको प्रणालीमा परम्परागत कागजी झमेला विद्यमान छ। तमसुक, भौतिक उपस्थित भएर नै ल्याप्चे लगाउनु पर्ने लगायतका व्यवस्थाहरू युगसुहाउँदा छैनन् । त्यसैले प्रणालीलाई अब डिजिटल माध्यमबाट गर्न सकिने, सरल र प्रविधिमैत्रीतर्फ रूपान्तरण गरिनुपर्दछ। यसप्रकार सम्पूर्ण बैंकिङ कारोबारलाई पेपरलेस बनाइनु पर्दछ । जस्तै, ल्याप्चेलाई बायोमेट्रिक प्रयोग गरेर बिस्थापन गर्नुपर्दछ।

## १०. ठुला मर्जर नीतिका सम्बन्धमा

अहिले ठुला-ठुला वित्तीय संस्थाहरूको एकआपसमा मर्जर हुने लहर चलेको छ। नेपाल राष्ट्र बैंकले मर्जरलाई प्रोत्साहन गर्ने नीति अख्तियार गरेको छ। यस्तो मर्जरको नीतिले वित्तीय क्षेत्रमा झन् ठुलो वित्तीय एकाधिकारको खतरालाई निम्त्याउने र उद्यमशीलता मर्ने सम्भावना रहेको हाम्रो ठहर छ। मर्जरलाई बजारले निर्धारण गर्ने वातावरण तयार गरिनु पर्दछ। ठुला वित्तीय संस्थाहरू मर्जर हुँदा वित्तीय एकाधिकार कायम भई साना तथा पहुँच नपुग्ने व्यवसाय तथा सर्वसाधारण वित्तीय सेवाबाट बञ्चित हुन्छन् । साथै छनौटको स्वतन्त्रतासमेत समाप्त हुन्छ। त्यसैले यसतर्फ नियामक निकाय बेलैमा सचेत रहनु पर्दछ। कुनै पनि बैंक तथा वित्तीय संस्थामा समस्या भएमा नियामक निकायले (Bail Out) गर्नसक्छ तर यसरी मर्जरलाई प्रोत्साहन गरेर खुला बजार अर्थनीतिका विरूद्ध जान हुँदैन। यससम्बन्धमा यस मौद्रिक नीतिमा स्पष्ट पारिनु पर्दछ।

## ११. Debt Equity Ratio का सम्बन्धमा

मूल्यवृद्धि र तरलता अभावका कारण बजारमा संकुचन छाएको सर्वविदित नै छ। यस संकुचनबाट उत्पादनमूलक उद्योगहरूले झन् ठुलो कठिनाइ भोग्नुपरेको छ । यस कठिनाइलाई दृष्टिगत गर्दै वित्तीय सन्तुलनको अवस्था सामान्य नहुँदासम्म कम्तीमा २ वर्ष Debt Equity Ratio कायम हुन नसकेका उत्पादनशील क्षेत्रका हकमा

वित्तीय संस्थाले गर्नुपर्ने जोखिम व्यवस्थापन (Risk Provisioning)को थप व्यवस्थालाई निलम्बन गरी सहजीकरण गरिनु पर्दछ।

## १२. विदेशी विनिमय नियन्त्रण (विविनि)बापतको रकम होल्ड गरी राख्न नहुने सम्बन्धमा

उद्योगको कच्चा पदार्थ, मिलमेसिनरी लगायतका मालवस्तु L/C तथा T/T मा आयात गर्दा अमेरिकी डलरका हकमा २ प्रतिशत र भारतीय रुपैयाँका हकमा १० प्रतिशत रकम NRB मार्जिन विविनिबापत ब्याज होल्ड गरी राखिने गरिएको छ । यसरी चालु पुंजी होल्ड भएर बस्दा ब्याज तथा तरलताको नोक्सानी भई उद्योगीहरूको लागतमा बृद्धि भएको छ। तसर्थ उक्त प्राबधानलाई खारेज गरिनु पर्दछ।

## १३. उधारो कारोबारको नियमन गर्ने सम्वन्धमा

उधारो कारोबार र Recovery को नियमन गर्ने कुनै पनि संयन्त्र नहुँदा व्यवसायीहरू प्रताडित भइरहेका छन् । तसर्थ नेपाल राष्ट्र बैंकले कडा कानुन बनाएर उधारो कारोबारलाई निरूत्साहित गर्नुपर्दछ। साथै व्यवसायीले उधारो नतिर्ने पार्टीलाई कालो सूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्दछ। अथवा वर्षको अन्त्यमा स्थानीय राजस्व कार्यालयमा अडिट रिपोर्ट बुझाएका Debtor को सूचीसमेत संलग्न गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिनु पर्दछ।

## १४. Usance L/C का सम्बन्धमा

नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागको आयातसम्बन्धी परिपत्र ०१ र २०७४ ले नेपालका कुनै पनि बैंकले युसान्स आयात प्रतीतपत्रको कागजात (L/C Document) डिस्काउन्ट गर्न नपाउने व्यवस्था गरिएको छ । यो व्यवस्था व्यावहारिक छैन । उत्पादनमूलक उद्योगले आवश्यक पर्ने कच्चा पदार्थ तथा मिल मेसिनरीको आयात गर्दा खोलिने युसान्स प्रतीतपत्रको कागजातमा स्वदेशी बैंकले डिस्काउन्ट गर्न पाउने पहिलेकै व्यवस्था कायम गरिनु पर्दछ। यसबाट औद्योगिक प्रबर्धनमा सहयोग हुन्छ।

## १५. फरवार्ड बुकिङका सम्बन्धमा

विगतमा प्रतीतपत्र खोल्दाकै बखतमा फरवार्ड बुकिङ गर्दा डलर रेटमा न्यूनतम प्रिमियम (प्रति डलर ५.७ पैसादेखि २२.२५ पैसासम्म)-मा सुविधा उपलव्ध हुने गर्थ्यो। तर केही समययता अत्यधिक प्रिमियम (रु. १ देखि २ सम्म) लिने गरिएको छ । यसबाट आयातको लागतमा बृद्धि भएको छ । तसर्थ सहुलियत दरमा फरवार्ड बुकिङको व्यवस्था हुनु पर्दछ। यसबाट अन्ततः वस्तु तथा सेवाको मूल्यमा कमी आउँछ र अन्तिम उपभोक्तासम्म यो सहुलियतको सुविधा पुग्छ। साथै आम उपभोक्ताका लागि पनि खरिदमूल्य कम हुन सहयोग हुन्छ।

## १६. डिस्काउन्टिङ एलसीका सम्वन्धमा

विगतमा प्रतीतपत्र जारी गर्ने बैंक स्वयम्ले नै प्रतीतपत्र डिस्काउन्टिङ गर्ने व्यवस्था थियो। हाल यस्तो व्यवस्था बन्द गरिएको छ र महँगो दरमा डलर टिआर लिनुपर्ने प्रावधान राखिएको छ। यसका कारण आयातको लागतमा बृद्धि भएको छ। त्यसैले साबिकझैँ एलसी डिस्काउन्टिङको व्यवस्थालाई निरन्तरता दिइनु पर्छ।

## १७. व्यवसायमा नाफा घाटा हुने सर्वमान्य सिद्धान्तलाई आत्मसात् गर्ने सम्बन्धमा

उद्योग-व्यवसाय सञ्चालन गरेपछि नाफा वा घाटामा जान्छ भन्ने सर्वमान्य सिद्धान्त हो। व्यवसाय घाटामा हुँदा बैंक तथा बित्तीय संस्थाको कर्जा फिर्ता गर्न कठिन हुन्छ। तर उद्योग- व्यवसाय घाटामा जानेबित्तिकै बैंक तथा वित्तीय संस्थाले म्भागतिभच का रूपमा लिई कालो सूचीमा सूचीकृत गर्ने प्रावधान विद्यमान छ। यस्तो व्यवस्थाले उद्योगी-व्यवसायीलाई नयाँ तथा पुनः उद्यम सुरु गर्न निरूत्साहित बनाएको छ र अन्ततः लगानीको वातावरणमै असर परिरहेको छ। तसर्थ नोक्सानीमा रहेका उद्योग-व्यवसायलाई Willfull र Unwillfull Defaulter का रूपमा बर्गीकरण गरेर Unwillfull Defaulter लाई उसको व्यवसायलाई पुनर्जीवन दिन तथा नयाँ व्यवसाय सुरु गर्ने अवसर प्रदान गरिनु पर्दछ।

## १८. पुनर्कर्जाका सम्बन्धमा

प्राकृतिक विपत्ति तथा कोभिड १९ लगायतका कारणबाट समस्यामा रहेका उद्योग-व्यवसाय, कृषि, साना, मझौला तथा घरेलु उद्योग समेतलाई सहुलियत दिन स्थापना गरिएको पुनर्कर्जाको रकमको सीमा बढाउनु पर्दछ। हालको आर्थिक मन्दीका कारण सुस्ताएको औद्योगिक क्षेत्र र विशेषतः एसएमईहरूको उत्थानका लागि सहज र सरल प्रक्रियाबाट पुनर्कर्जा प्राप्त गर्ने गरी हाल रहेको ३ अर्ब ५० करोडको सीमालाई बढाइनु पर्दछ। त्यसैगरी पुनर्कर्जा प्राप्तिका लागि जुनसुकै समयमा सम्बन्धित बैंकमार्फत् नेपाल राष्ट्र बैंकमा File Submit गर्न पाउने व्यवस्था गरिनु पर्दछ।

## १९. TR भुक्तानीका सम्बन्धमा

उद्योग व्यवसायले आयात गर्दा लिएको TR कर्जाको भुक्तानीको म्याद ९० दिन छ। यसलाई बर्तमानको आर्थिक मन्दीबाट सिर्जित असहज अवस्थालाई दृष्टिगत गर्दै १२० दिन कायम गरिनु पर्दछ। साथै, TR Risk weightage हाल १२० प्रतिशत राख्ने व्यवस्थालाई परिमार्जन गरेर साबिककै १०० प्रतिशत राख्ने व्यवस्था हुनुपर्दछ।



# ...मेरा लागि यो अवसर र चुनौती दुबै हो

## - अध्यक्ष राकेश सुराना



उद्योग संगठन मोरङको इतिहास ५ दशकभन्दा बढीको भइसकेको छ। यस अवसरमा म संगठनका संस्थापक अध्यक्ष श्री जुद्धबहादुर श्रेष्ठलाई श्रद्धा र नमनपूर्वक स्मरण गर्दछु । संगठनको स्वर्णिम गौरव र इतिहासलाई यस अवस्थासम्म ल्याइपुर्‍याउन हाम्रा पूर्व अध्यक्षहरूको अतुलनीय योगदान छ । उहाँहरूको सतत क्रियाशीलताले नै हामी आज यहाँ उभिन पाएका छौं । संगठनलाई स्रोतसाधनले सम्पन्न र नेपालमा निजी क्षेत्रको अग्रणी संस्थाका रूपमा स्थापित गराउन महेन्द्र गोल्छासहितका सम्पूर्ण पूर्व अध्यक्षज्यूहरूले गर्नुभएको समर्पण र योगदानप्रति जति सम्मान र श्रद्धा व्यक्त गरे पनि कम हुन्छ।

विक्रम सम्वत् २०२३ मा स्थापित यो संगठन आज नेपालकै क्रियाशील र सबल उद्योगबाणिज्य संघका रूपमा स्थापित भएको छ। संगठनले आफ्नो स्थापनाकालदेखि नै आर्थिक, औद्योगिक र सामाजिक लगायतका क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यसरी **उद्योग संगठन मोरङ उद्योगीको नभई उद्योगको हो** भन्ने भावना आम व्यवसायीमा स्थापित भएको छ। संगठनको श्रीवृद्धि तपाईंहरू सबैको सहयोग, सहकार्य र सद्भावकै प्रतिफल हो। म आगामी दिनमा पनि तपाईंहरू सबैको सहयोग, सहकार्य र सद्भावको सदा अपेक्षा गर्दछु।

मैले यस क्षेत्रका सम्पूर्ण उद्योगी-व्यवसायीलगायत सबैको विश्वास, सहयोग र शुभेच्छाका कारण संगठनको गरिमामय अध्यक्ष पदको नेतृत्व गर्ने मौका पाएको छु। यो मेरा लागि चुनौती र अबसर दुबै हो। म यसलाई अवसरका रूपमा लिई क्रियाशील रहने विश्वास दिलाउँछु।

आजको यस पदस्थापन समारोहका अवसरमा म संगठनको स्वर्णिम विगतलाई सम्झिनु सान्दर्भिक ठान्दछु । व्याबसायिक संघ-संस्थामा मेरो परिवारको यात्रा मेरा प्रातःस्मरणीय हजुरबुबाबाट आरम्भ हुन्छ। देशकै जेठो संस्था मोरङ व्यापार संघमा मेरा हजुरबुबा लालचन्द सुराना संस्थापक सदस्य हुनुहुन्थ्यो । उद्योग संगठन मोरङले वि.स. २०५३ सालमा आयोजना गरेको कोशी महोत्सवका अवसर पारेर मलाई तत्कालीन अध्यक्ष महेन्द्र गोल्छाले संगठनमा प्रवेश गराउनुभएको हो। उहाँको विश्वास र बलियो साथ पाएर म २०६१ सालमा संगठनको कार्यसमिति सदस्यका रूपमा निर्वाचित भएँ । यसपछि निरन्तर संगठनको कार्यसमितिमा रहँदै २०७६ देखि २०७८ सम्म उपाध्यक्षका रूपमा सेबारत भएँ । मैले संगठनको कार्यसमितिमा रहँदा वा नरहँदा पनि राष्ट्रिय स्तरमा नेपाल सरकार, सम्बन्धित मन्त्रालय र सरोकारवाला पक्षसमक्ष सदैब व्याबसायिक क्षेत्रको हितका लागि बिभिन्न मुद्दाहरू जोडदार रूपमा उठाउँदै आएको छु।

उपस्थित महानुभावहरू,

भर्खरै निबर्तमान हुनुभएका अध्यक्ष श्री सुयश प्याकुरेलज्यूले आफ्नो २ बर्षको कार्यकालमा परम्परागतभन्दा फरक र पृथक् कार्यक्रमहरू सञ्चालनमा ल्याउनुभएर उद्योगवाणिज्य संघहरूका लागि नया बेन्चमार्कको मोडल प्रस्तुत गर्नुभएको छ। उहाँको कार्यकालमा संगठनले सञ्चालनमा ल्याएका नयाँ कार्यक्रमहरू निजी क्षेत्रको सबलीकरणमा त केन्द्रित छँदैछन्, साथसाथै अर्थतन्त्रको सुदृढीकरणका लागि सरकारसमेतको सहकार्य हुने गरी आएका छन्। म उहाँको कार्यकालका सफल कार्यक्रम र रणनीतिक योजनाहरूलाई मेरो कार्यकालमा समेत निरन्तरता दिने बचनबद्धता प्रकट गर्दछु।

लामो समयदेखिको आर्थिक मन्दीले देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पारेको छ । बजारमा व्याप्त आर्थिक शिथिलताका कारण बस्तुको मागमा कमी आएको छ । बाँकीबक्यौता उठ्न गाह्रो भइरहेको छ । यसले गर्दा

उद्योगीव्यवसायीलाई वित्तीय व्यवस्थापनमा कठिनाइ भएको छ र कलकारखाना नै बन्द गर्नुपर्ने बाध्यात्मक अवस्था उत्पन्न भएको छ । ब्याजदरको वृद्धि र बजारको मागमा कमी त छँदैछ, त्यसमा पनि अन्तर्राष्ट्रिय स्तरमै भएको मूल्यवृद्धि, कच्चा पदार्थ एवम् इन्धनको मूल्यवृद्धिको चाप र हिउँद याममा औद्योगिक क्षेत्रमा हुने अघोषित लोडसेडिङको प्रत्यक्ष प्रभाव उत्पादन-लागतमा परेको छ । यसरी अहिलेको समस्याको प्रकृति जटिल प्रकारको छ । तसर्थ सामान्य प्रकृतिको टालटुले समाधानले अहिलेको आर्थिक समस्याबाट निकास दिन नसक्ने तथ्य स्पष्ट छ ।

अर्थतन्त्रको यस जटिलताको दिगो समाधानका लागि निजी क्षेत्रलाई समेत विश्वास तथा साथमा लिई सरकारले स्वदेशी उद्योग, निर्यातमूलक उद्योग तथा समग्र उत्पादनशील क्षेत्रलाई चलायमान बनाउन अहम् भूमिका निर्वाह गर्नुपर्दछ । समृद्ध राष्ट्रनिर्माणको आधारस्तम्भका रूपमा रहेको औद्योगिक-व्यावसायिक क्षेत्रको विकास एवम् विस्तारले मात्र आर्थिक समृद्धि सम्भव छ । यस क्षेत्रको विकासका लागि लगानीमैत्री वातावरण, प्रक्रियागत सरलता, पर्याप्त पूर्वाधार, कच्चा पदार्थको पहुंच तथा उत्पादित वस्तुको बजारीकरणमा सहजता, दक्ष जनशक्तिको उपलब्धता, उत्पादकत्व वृद्धि तथा उत्पादन लागत कम गर्न प्रतिस्पर्धी क्षमताको विकासजस्ता विषय अनिवार्य र आधारभूत आवश्यकताहरू हुन् । यी अत्यन्त महत्वपूर्ण पक्षबिच एकआपसमा अन्तरसम्बन्ध स्थापना हुने गरी उद्यमशीलता तथा व्यावसायिक विकासका सेवाहरूको इकोसिस्टमको समग्र प्रणाली विकास गर्नुपर्ने नीति अवलम्बन गर्नु अपरिहार्य छ ।

## अब म संगठनले आगामी २ वर्षमा गर्ने कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

१. यस अवधिमा संगठनले निजी क्षेत्रले भोग्दै आएका ऊर्जा, बैंक तथा वित्तीय क्षेत्र, औद्योगिक पूर्वाधार र प्रक्रियागत जटिलता लगायतका समस्याको न्यूनीकरणका लागि सरकारसित पुलको काम गर्न तथ्य र तथ्याङ्कमा आधारित रही नीतिगत बहस र पैरवीलाई प्रभावकारी रूपले सञ्चालन गर्नेछ ।

२. **ऊर्जा व्यवस्थापन** : वर्तमान समयमा औद्योगिक क्षेत्रले सुक्खा याममा लोडसेडिङ तथा अन्य समयमा ट्रिपिङ, लो भोल्टेज र विद्युत्को नियमित आपूर्तिमा समस्या भोग्नु परिरहेको छ । जबकि औद्योगिक क्षेत्र नै विद्युत् प्राधिकरणको मुख्य उपभोक्ता रहिआएको छ । त्यसैले प्राधिकरणले यस क्षेत्रले भोग्दै आएको विद्युत्को समस्या समाधान गर्न तत्परता अपनाउनु पर्दछ ।

   औद्योगिक क्षेत्र आर्थिक विकासको निर्विकल्प स्रोत हो । तसर्थ यस क्षेत्रलाई सुक्खा याममा समेत गुणस्तरीय र नियमित रूपमा विद्युत्को आपूर्ति गरिनु आवश्यक छ । यसका लागि पुराना र जीर्ण अवस्थामा रहेका पूर्वाधारको मरम्मत-सम्भार गर्न संगठनले ऊर्जा मन्त्रालय, विद्युत् प्राधिकरण र सरोकारवाला पक्षहरूका साथ विशेष पहल गर्नेछ ।

३. **वित्तीय व्यवस्थापनमा सहजीकरण** : बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदर, चालु पुँजी कर्जा मार्गदर्शनका कारण सिर्जित समस्या र वित्तीय संस्थाले माग गर्ने डकुमेन्टेसनमा एकरूपता नहुनुजस्ता कारणले औद्योगिक क्षेत्रले विभिन्न कठिनाइको सामना गर्नुपरिरहेको छ । तसर्थ यस क्षेत्रको विकास र विस्तारका लागि संगठनले आगामी दिनमा सहज वित्तीय व्यवस्थापन, डकुमेन्टेसनमा एकरूपता र उत्पादनमूलक उद्योगहरूलाई १ अङ्कको ब्याजदरमा ऋण उपलब्ध गराउन पहल गर्नेछ ।

४. **औद्योगिक पूर्वाधारको विकास** : आर्थिक एवम् औद्योगिक क्षेत्रको विकासमा पूर्वाधारको महत्वपूर्ण भूमिका हुन्छ तर सडक, विद्युत् परियोजना, रेल वे, औद्योगिक ग्रामजस्ता पूर्वाधार बन्न वर्षौं लाग्ने गरेको छ । यिनै कुराहरूलाई दृष्टिगत गर्दै संगठनले औद्योगिक पूर्वाधारको द्रुत विकासका लागि सम्बन्धित निकायसमक्ष निरन्तर पहल गर्नेछ ।

५. **प्रक्रियागत सरलीकरण** : ऐनकानुनको अस्पष्टता, एउटा कामका लागि विभिन्न निकायमा धाउनुपर्ने बाध्यता र पक्रियागत जटिलताजस्ता कारणले उद्योगीव्यवसायीले अनावश्यक समय खर्चिनु परेको छ । अत: संगठनले ऐनकानुनमा समयसापेक्ष परिमार्जन गर्न निरन्तर पहल र प्रयास गर्नेछ । साथै प्रक्रियागत सरलीकरणका लागि पनि संगठन सदैव क्रियाशील रहनेछ ।

६. औद्योगिक-व्यावसायिक क्षेत्रमा भविष्य बनाउन चाहने शिक्षित युवाहरू समेत विद्यमान अवस्था, बेथिती लगायतका कारणले आजित भएर पलायन हुने क्रम तीव्र छ। देशमै केही गरौं भन्ने भावना भए पनि प्रतिकूल परिस्थितिका कारण निराशा र नकारात्मकताले जरा गाडेको छ। परिणामस्वरूप युवाहरूमा उद्यमशीलताको विकासप्रतिको अभिरुचिमा ह्रास आइरहेको छ। यस अवस्थामा युवाहरूमा सकारात्मक सोच र अवधारणाको विकास गरी यहीं केही गर्न सकिन्छ भन्ने भावना जागृत गर्ने उद्देश्यका साथ Positive Momentum सिर्जना गर्ने वातावरण तयार गर्न संगठनले विशेष पहल गर्नेछ।

७. यस क्षेत्रको आर्थिक एवम् औद्योगिक विकासका लागि कोशेढुङ्गा साबित हुनसक्ने औद्योगिक पूर्वाधार जस्तै- आइसिपीसम्म रेल बेको सञ्चालन, अमडुवामा साल्ट ट्रेडिङको स्वामित्वमा रहेको जग्गामा औद्योगिक ग्रामको स्थापना, विराटनगरमा आधुनिक सुविधासहितको अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी केन्द्रको निर्माण, विराटनगर एयरपोर्टको स्तरोन्नति रानी-किमाथांका सडकको द्रुत विकासजस्ता विषयमा तीन तहकै सरकारबिच समन्वय गरी परिणाममुखी रूपमा काम अगाडि बढाउन संगठनले सम्बन्धित निकायका साथ प्रत्येक ३ महिनामा सम्वाद गरी ठोस पहल गर्नेछ।

८. निजी क्षेत्रको हितमा कार्यरत समान प्रकृतिका अन्तर्राष्ट्रिय संघ-संस्थाहरू, विशेष गरी भारतको विभिन्न प्रान्तमा रहेका उद्योगवाणिज्य संघहरूका साथ सिस्टरसिप रिलेसन कायम गरी द्विदेशीय व्यापारप्रवर्धन तथा अभिवृद्धि, प्रविधि-हस्तान्तरणका साथै यस क्षेत्रमा लगानी अभिवृद्धिका लागि पहल गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

९. औद्योगिक क्षेत्रको चालु खर्चमा न्यूनीकरण गर्नु पनि बचत नै हो भन्ने अवधारणालाई मूर्त रूप दिन आवश्यक पहल गरिनेछ। यसका लागि उद्योगहरूले अपनाइरहेको उत्पादनको विधि, उत्पादनका क्रममा खपत हुने ऊर्जा, औद्योगिक सुरक्षाका लागि अपनाइरहेका विधि तथा अन्य विविध पक्षहरूउपर विशेषज्ञहरूद्वारा अडिट गराई सुधारका लागि अपनाउनुपर्ने पक्षहरूका सम्बन्धमा सुझाव प्रदान गरिनेछ।

१०. विकसित राष्ट्रका उद्योगहरूले अपनाइरहेको 'असल उत्पादन अभ्यास' (Good Manufacturing Practice)-को अवधारणालाई लागु गर्न यस क्षेत्रमा लामो समयदेखि अनुभव र ज्ञान हासिल गरेका राष्ट्रिय व्यक्तित्वहरूको सहभागितामा अन्तरक्रिया तथा छलफल गरिनेछ। साथै यस क्षेत्रका उद्योगहरूको प्रकृतिसुहाउँदो असल उत्पादन अभ्यासको मापदण्ड तयार गरी सोही मापदण्ड कार्यान्वयनमा ल्याउने प्रयास सुरु गरिने छ।

११. वर्तमान समयमा उद्योगहरूको उत्पादन-लागतमा अनपेक्षित रूपमा बृद्धि भइरहेको छ। अर्कातर्फ उत्पादित वस्तु बिक्री गर्दाको बाँकीबक्यौता रकम बजारबाट नउठ्ने समस्याले बिकराल रूप लिँदै गएको छ। यस परिस्थितिको अन्त्य गरी बाँकीबक्यौता रकम प्राप्त हुने सुनिश्चित वातावरण तयार गर्न नेपाल सरकारसमक्ष उधारो कारोबारसम्बन्धी कानुनको निर्माणका लागि पहल गरिनेछ।

१२. कृषि-उत्पादनमा परनिर्भरता प्रति दिन बढ्दो छ, कृषिप्रधान देश भएर पनि हामी आयातित कृषिउपजमा निर्भर छौं। तसर्थ कृषिको व्यवसायीकरण गर्दै यसका अग्र र पृष्ठ भागलाई एकै सूत्रमा गाँस्न पहल गरिनेछ। साथै ब्नचय क्ष्लमगकतचर्ष्बां ष्लिबपनभ का लागि सरोकारवाला पक्षहरूका साथ विशेष पहल गरिने छ।

१३. सार्क राष्ट्र बिचको व्यापार, पर्यटन, लगानीविस्तार तथा प्रविधिको हस्तान्तरणका क्षेत्रमा सहयोग पुऱ्याई आपसी अन्तरसम्बन्धलाई थप प्रगाढ बनाउन संगठनका नेतृत्वमा नेपाल उद्योगवाणिज्य महासंघ, नेपाल सरकारको सरोकारवाला पक्षको सहयोग र सार्क राष्ट्रका उद्योगवाणिज्य संघहरूको समन्वयमा सार्क राष्ट्रस्तरीय ऱ्यालीको आयोजनाका लागि अध्ययन गरी आयोजना गर्ने प्रयास गरिनेछ।

१४. औद्योगिक सुरक्षा (Industrial Safety)-लाई दृष्टिगत गर्दै बाढी, आगलागी, व्यवसायजन्य स्वास्थ्यसुरक्षा, ऊर्जामा दक्षता अभिवृद्धि, फोहरको व्यवस्थापन, वातावरण प्रदूषण न्यूनीकरण लगायतका विषयमा सरोकारवाला पक्षहरूका साथ समन्वय गरी क्षति न्यूनीकरणका उपायहरू अवलम्बन गरिने छ।

सबल र सक्षम अर्थतन्त्रको निर्माणका लागि सरकार र निजी क्षेत्र बिचको सहकार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। निजी क्षेत्रलाई सरकारले आर्थिक विकास र रोजगारी सिर्जना गर्ने सहयात्रीका रूपमा लिई यस क्षेत्र उठाएका विषयहरूमा सम्बोधन गर्नुपर्दछ भन्ने हामी उद्योगीव्यसायीहरूको मान्यता रहेको अनुरोध गर्दछु।

**(उद्योग संगठन मोरङका नवनिर्वाचित अध्यक्ष श्री राकेश सुरानाले मिति २०८० जेठ १३ गते संगठनको सभाकक्षमा सम्पन्न पदस्थापना समारोहमा दिनुभएको मन्तव्यको सम्पादित अंश)**

# नवनिर्वाचित कार्यसमितिको पदस्थापन

उद्योग संगठन मोरङको ५० औं वार्षिक साधारण सभा एवम् निर्वाचन २०८० वैशाख ३० गते सम्पन्न भयो । साधारण सभाले सर्वसम्मतिबाट उद्यमी राकेश सुरानाका अध्यक्षतामा कार्यसमितिको चयन गरेको थियो । यस निर्वाचित कार्यसमितिको पदस्थापन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीका प्रमुख आतिथ्यमा २०८० जेठ १३ गते सम्पन्न भयो ।

पदस्थापन समारोहमा अध्यक्ष सुरानालाई निर्वाचन अधिकृत सूर्यप्रसाद बिमलीले पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो । अध्यक्ष सुरानाले नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी, उपाध्यक्ष (वित्तीय क्षेत्र) राजकुमार गोल्छा, उपाध्यक्ष (कृषि/ऊर्जा/ जलस्रोत) भोलेश्वर दुलाल, उपाध्यक्ष (रोजगारदाता) विपिन काबरा र कोषाध्यक्ष सुबोध कोइरालालाई शपथग्रहण गराउनु भयो ।

उहाँले कार्यसमिति सदस्यहरू सुरेन्द्र गोल्छा, प्रतिभा रिजाल ओली, इन्द्र खत्री राजन, पारस लुनियाँ, सौरभ शारडा, बीरेन्द्र राठी, दीपक अग्रवाल, जयन्द्र शर्मा, सन्तोषकुमार भगत, सिद्धार्थ काबरा र सृजन प्याकुरेललाई पनि पद तथा गोपनीयताको शपथग्रहण गराउनु भयो ।

कार्यक्रममा संगठनका निवर्तमान अध्यक्ष सुयश प्याकुरेलले नवनिर्वाचित अध्यक्ष सुरानालाई शान्तिको प्रतीक 'ओम माने पेमे' प्रदान गर्दै अध्यक्षको पद हस्तान्तरण गर्नुभयो । यस अवसरमा नवनिर्वाचित अध्यक्ष सुरानाले आफ्नो दुई वर्षको कार्यकालका लागि  योजना तथा कार्यविवरण प्रस्तुत गर्नुभयो ।

